# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मितिः २०८१।१०।१४

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ सर्लाही शाखाका अध्यक्ष ओमप्रकाश ठाकुरलाई मातृशोक परेको दुःखद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ । उहाँकी ७० वर्षीया ममतामयी आमा वैदेही देवीको माघ १२ गते शनिबार साँझ निधन भएको हो ।

भारतको महाकुम्भ स्नानका लागि जाँदै गर्दा नेपाल-भारत सीमा नजिक अचानक अचेत भएर उपचारको लागि प्रादेशिक अस्पताल मलंगवा पुऱ्याउनासाथ देवीलाई चिकित्सकले मृत घोषणा गरेका पारिवारिक स्रोतले जनाएको छ । स्वर्गीय वैदेही देवीका श्रीमान, एक छोरा र चार छोरी हुनुहुन्छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शाखा अध्यक्ष ओमप्रकाश ठाकुरसहित शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै गहिरो समवेदना व्यक्त गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org